स्थानीय राजपत्र

बेसीशहर नगरपालिका द्धारा प्रकाशित

खण्ड ५, संख्या ३, मंसिर २७ गते, २०७९ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, (ज)। १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले यो **बेसीशहर नगरपालिका मध्यम अपाङ्गगता भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९** जारी गरेको छ ।

भाग २

बेसीशहर नगरपालिका मध्यम अपाङ्गता भत्ता वितरण सम्बन्धी कार्यविधि २०७९

(बेसीशहर नगरपालिकाबाट मिति २०७९/०८/२७ मा पारित)

<u>प्रस्तावना</u>

बेसीशहर नगरपालिका अन्तर्गत रहेका मध्यम वर्गिय अपाङ्गता भएका नागरिकहरुलाइ सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले बेसीशहर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन,२०७५ को दफा ४ बमोजिम बेसीशहरनगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम "मध्यम अपाङ्गता भत्ता वितरण सम्बन्धी कार्यविधि,२०७९" रहेको छ ।

२ यो कार्यविधि नगर कार्यपालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन गरे पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः (१) **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क. "मध्यम अपाङ्गता" भन्नाले प्रचलित कानून बमोजिम पहेलो रङ्गको अपाङ्गताको परिचयपत्र प्राप्त गरेका नागरिकहरुलाई सम्झनु पर्नेछ ।

ख. "नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका सम्झनु पर्नेछ ।

ग. "कार्यालय" भन्नाले नगर कार्यापालिकाको कार्यालय सम्झनु पर्नेछ ।

घ. "वडाकार्यालय" भन्नाले नगरपालिका अन्तर्गतका सम्पुर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ ।

ङ. "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्नेछ ।

च. "भत्ता" भन्नाले दफा ५ बमोजिमको रकम सम्झनु पर्नेछ ।

३. मध्यम अपाङ्गता भत्ता पाउनेः(१) देहाय बमोजिमका नागरिकहरु मात्र मध्यम अपाङ्गता भत्ता पाउन योग्य हुनेछनः

क. नेपाली नागरिक,

ख. बेसीशहर नगरपालिकाभित्र स्थायी बसोबास गर्ने,

ग. प्रचलित कानून बमोजिम पहेलो रङ्गको अपाङ्गताको परिचयपत्र प्राप्त गरेको।

४ . मध्यम अपाङ्गता भत्ता नपाउनेः दफा (३) बमोजिम योग्यता पुगेको भएतापनि देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिमको मध्यम अपाङ्गताभत्ता पाउने छैनः

- क. कुनै सरकारी वा सार्वजानिक पदमा नियुक्त, निर्वाचित, मनोनित भएका नागरिक,
- ख. सरकारी वा अन्य कोषबाट निवृत्तभरण पाइरहेका नागरिक,

ग. प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिई रहेका नागरिक ।

५. भत्ता रकम र वितरणः(१)मध्यम अपाङ्गता भएको व्यक्तिले मासिक ५००।- का दरले भत्ता पाउने छ।

(२) उपदफा (१)बमोजिमको भत्ता अर्धवार्षिक रुपमा सम्बन्धित लाभग्राहीको बैङ्कखाता मार्फत वितरण गरिनेछ ।

६. निवेदन दिनु पर्नेः(१) दफा (३)बमोजिमको भत्ता पाउन योग्य इच्छुक नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको निवेदन दिनुपर्नेछ ।

(२)उपदफा १ बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नुपर्नेछ ।

क. नागरिकता प्रमाण-पत्रवा जन्मदर्ताको प्रतिलिपी

ख. पहेलो रङ्गको अपाङ्गताको परिचयपत्रको प्रतिलिपी

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवश्यक कारवाही गरि निर्णय गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारवाही गर्दा मध्यम अपाङ्गता भत्ता नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको कारवाही गर्दा मध्यम अपाङ्गता भत्ता पाउने देखिएमा वडा कार्यालयले नगरपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ

७. परिचयपत्रः (१) यस कार्यविधि बमोजिम मध्यम अपाङ्गता भत्ता पाउने नागरिकलाई नगरपालिकाले अनुसूचि — २ बमोजिम परिचय पत्र दिनु पर्नेछ ।

२ उपदफा(१) बमोजिम परिचयपत्र नलिएका नागरिकले मध्यम अपाङ्गता भत्ता प्राप्त गर्ने छैन ।

३ उपदफा (१) बमोजिम प्राप्त भएको परिचय — पत्र हराए वा प्रयोग गर्ने नमिल्ने भएमा कार्यालयमा अनुसूची — ३ बमोजिमको निवेदन दिई प्रतिलिपि लिन सकिनेछ ।

८. अभिलेख राख्नु पर्नेः(१)नगरपालिकाले यस कार्यविधि बमोजिम मध्यम अपाङ्गता भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको मध्यम अपाङ्गता भत्ताको अभिलेख राख्नु पर्नेछ ।

९. अभिलेखबाट नाम हटाउनेः (१)नगरपालिकाले देहायको अवस्थामा मध्यम अपाङ्गता भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछः

क. बसाइ सरि अन्यत्र गएमा,

ख. प्रचलित कानून बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

ग. मृत्यू भएमा ।

१०. कसुर र सजायः(१) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछः

क. विवरण ढाँटी मध्यम अपाङ्गता भत्ता लिएमा,

२ कसैले उपदफा (१) को खण्ड क बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई विगो बराबरको जरिवाना हुनेछ ।

११. अनुगमन सम्बन्धी व्यवस्थाः(१)मध्यम अपाङ्गता भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता विवरणको अनुगमन उपप्रमुख वा निजले तोकेको नगरपालिकाको कुनै सदस्यले लगर्नेछ ।

१२. प्रतिवेदन दिनु पर्नेः(१)मध्यम अपाङ्गता भत्ता वितरण गरेको विवरण वडा कार्यालयले नगरपालिकालाई दिनु पर्नेछ ।

१३. संशोधनः(१)नगर कार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संशोधन गर्न सक्ने छ ।

१४. बाधा अड्काउ फुकाउनेः(१)यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

१५. बचाउः(१) यस कार्यविधि लागु हुनु भन्दा अगावै कुनै निवेदन सम्बन्धित वडा कार्यालायमा परिसकेको भए यसै कार्याविधि बमोजिम भएको मानिनेछ ।

अनुसुची १

मध्यम अपाङ्गता भत्ताको लागि भर्नुपर्ने निवेदनको ढाँचा

मितिः........................

श्री वडा अध्यक्ष ज्यू
वडा नं. .....,बेसीशहर नगरपालिका,
बेसीशहर, लमजुङ ।

विषयः सामाजिक सुरक्षा भत्ता उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत विषयको सम्बन्धमा बेसीशहर नगरपालिकाले मध्यम अपाङ्गता भएकालाई भत्ता दिने निर्णय गरेको हुदाँ उक्त सामाजिक सुरक्षा भत्ता उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेको छु ।

१. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नाम / थर...

क. जन्म मितिः ....

ख. ठेगानाः................ नगरपालिका वडा नं......... टोलः .... लिङ्गः...................

ग. धर्मः .... जातजाती : ....

घ. सम्पर्क नं. ....

ङ. नागरिकता प्रमाणपत्र नं. ....जारी भएको जिल्ला .... जारी मिति..........

च. बाजेको नाम............................ बाबुको नाम ....आमाको नाम..........

२. संरक्षक/माथवर/स्याहार सुसार गर्ने ब्यक्तिको विवरण आफै उपस्थित हुन नसक्नेको हकमा

क. नाम / थर ....

ख. सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति सँगको नाता....................
ग. नागरिकता नं. ....जारी मिति ....जारी भएको जिल्ला ....

३. संलग्न कागजातहरु (चिन्ह लगाउने)

क. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नेपाली नागरिकता वा जन्मदर्ता प्रमाणपत्रकोप्रतिलिपि

ख.सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको २ प्रति फोटो

मैले नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ संस्था तथा अन्य कुनै अन्तराष्ट्रिय संघ संस्थाबाट मासिक रुपमा तलब भत्ता पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाएको छैन । व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदनको रेखात्मक सहि छापः निवेदक (सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति / संरक्षक / माथवर / स्याहारसुसार गर्ने व्यक्ति) कोः- दस्तखत]	दायाँ	बायाँ
सम्बन्धित वडा कार्यालयले भर्नेः **निवेदको व्यहोरा ठिक छ भनि प्रमाणित गर्ने,** वडा अध्यक्षको दस्तखतः .... नामः .... नाम दर्ता निर्णय मितिः .... सामाजिक सुरक्षा भत्ताको किसिमः .... परिचयपत्र नं. .... सामाजिक सुरक्षा भत्ता पाउन सुरु हुने मितिः		

नगर कार्यापालिकाको कार्यालयले भर्ने :

विवरण भर्नेको नाम, थर :कार्यालयको छापः

पद :

हस्ताक्षर :

भत्ता पाउने सुरु आ. व. २०..../....../.....

अनुसूची -२

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

परिचयपत्रको नमुना

स्थानीय सरकार
बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

<u>मध्यम अपाङ्गता परिचय –पत्र</u>

परिचय- पत्र नं. ....

नाम, थरः ....

नागरिकता प्रमाण – पत्र नं. ....

ठेगानाः जिल्लाः लमजुङ,नगरपालिकाः बेसीशहर

वडा नं. .... टोल/गाउः .... **प्रमाणित गर्ने**

जन्म मिति (वि.स):.................... दस्तखत :

बाबुको नाम, थरः ....नाम, थर :

पद :

अनुसूची -३

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

प्रतिपलिपि पाउँ भनि दिने निवेदनको ढाँचा

मितिः ....

श्रीमान् कार्यालय प्रमुख ज्यू

बेसीशहर नगर कार्यपालिकाको कार्यालय

बेसीशहर लमजुङ ।

विषयः प्रतिलिपि पाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको मध्यम अपाङ्गता परिचय – पत्र नं. .... को परिचय – पत्र (हराएको / प्रयोग गर्न नमिल्ने भएको) हुनाले मध्यम अपाङ्गताभत्ता वितरण सम्बन्धि कार्यविधिको दफा ७ को उपदफा ३ बमोजिम परिचय – पत्र को प्रतिलिपि पाउँ भनि सदर अनुरोध गर्दछु ।

संलग्न कागजातः

१. नागरिकताको प्रमाण – पत्र वा जन्मदर्ताको को प्रमाणित प्रतिलिपि ( )

२. प्रचलित कानून बमोजिम प्राप्त पहेलो रङ्गको अपाङ्गताको परिचयपत्र ( )

३. फोटो १ प्रति ( )

(संलग्न गरिएको कागजातमा ✓ लगाउने)

निवेदक

नाम, थर :

हस्ताक्षर :

सम्पर्क नं.

आज्ञाले ,

इमनाथ कडेल

प्रमुख प्रशासकिय अधिकृत